# निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम गठित संविधानसभाको कार्यकाल रहुन्जेलसम्म बहाल रहने छ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी नेपाल सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले त्यस्तो कार्यक्रम कार्यान्वयन सञ्चालन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण आयोजना, योजना समेतलाई जनाउँछ ।

(ग) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्ला स्तरीय कार्यालय, सम्बन्धित डिभिजन कार्यालय, ईलाका स्तरीय कार्यालय, सेवा केन्द्र, उपकेन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी र यस्तै प्रकृतिका सार्वजनिक निकाय समेतलाई सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नियम ३ बमोजिम गठित कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "संविधानसभा सदस्य" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा व्यवस्था भए बमोजिमका संविधानसभा सदस्य सम्झनु पर्छ ।

(छ) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति सम्झनु पर्छ ।

३. <u>कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति</u> : (१) यस नियमावली बमोजिम सञ्चालन हुने आयोजनाको छनौट, कार्यान्वयन र व्यवस्थापनको कार्यलाई निर्देशित गर्न प्रत्येक निर्वाचन क्षेत्रमा एक निर्वाचन क्षेत्र विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति नामको एउटा समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन् :-

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (क) बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रको संविधानसभा सदस्य - संयोजक

(ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ख) र (ग) बमोजिम संविधानसभाको सदस्य भई सम्बन्धित निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ बमोजिम कम्तिमा चालिस प्रतिशत रकम विनियोजन गरेका संविधानसभा सदस्यहरू - सदस्य

(ग) सम्बन्धित स्थानीय विकास अधिकारी - सदस्य

(घ) निर्वाचन क्षेत्रमा नगरपालिका पर्ने भएमा सम्बन्धित नगरपालिकाको कार्यकारी अधिकृत - सदस्य

(ङ) जिल्ला स्थित विषयगत कार्यालयका पूर्वाधारसँग सम्बन्धित प्रमुख वा त्यस्तो कार्यालयले तोकेको अधिकृत कर्मचारी - सदस्य

(च) जिल्ला प्राविधिक कार्यालयका प्रमुख वा निजले तोकेको ईञ्जिनियर कर्मचारी - सदस्य

(छ) जिल्ला विकास समितिको कार्यालयका योजना अनुगमन तथा प्रशासकीय अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेको सोही कार्यालयको अधिकृत कर्मचारी - सदस्य-सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारीहरूलाई संयोजकको निर्देशन बमोजिम सदस्य-सचिवले आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछ :-

(क) गत आर्थिक वर्षको समीक्षा, चालु आ.व. को कार्ययोजना सम्बन्धी छलफल र आगामी आ.व. को लागि योजना तर्जुमा गर्न पहिलो चौमासिकभित्र,

(ख) समीक्षा तथा पूर्व योजना तर्जुमा र स्रोत अनुमान सम्बन्धी विषयमा मार्गदर्शन गर्न, स्थानीय निकायहरूको एकीकृत योजना तर्जुमा समिति तथा सम्बन्धित स्थानीय निकायको परिषद् सम्पन्न गर्न दोश्रो चौमासिकभित्र,

(ग) चौमासिक समीक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न तेस्रो चौमासिकभित्र ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा जिल्ला विकास समितिको कार्यालयमा बस्नेछ । बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

तर निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रम अन्तर्गत कुनै जरूरी विषयमा तत्काल निर्णय गर्नुपर्ने भएमा कारण र औचित्य खोली छलफलको विषय सूची सहित संयोजकको निर्देशनमा छोटो समयको सूचना दिई सदस्य-सचिवले बैठक बोलाउन सक्नेछ ।

(३) समितिको बैठकमा कुनै सदस्यको अनुपस्थितिका कारणले मात्र समितिको काम कारवाहीमा बाधा पुग्ने छैन ।

तर योजना छनौट सम्वन्धी निर्णय गर्दा बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ र सर्वसम्मत् हुन नसकेमा बहुमतको राय मान्य हुनेछ ।

५. **आयोजना छनौट** : (१) यस नियमावली बमोजिम छनौट हुने आयोजनाहरू नियम ६ मा उल्लिखित पूर्वाधार विकास सम्बन्धी आयोजनाहरू मध्येबाट छनौट गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा सम्भव भएसम्म एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची बमोजिमको कार्यान्वयन तालिका समेत बनाई जिम्मेवारी तोकी समितिले सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा चालु आर्थिक वर्षको पहिलो चौमासिकभित्र पेश गरिसक्नु पर्नेछ ।

तर चालु आर्थिक वर्ष ०७१/७२ को हकमा उपनियम (८) बमोजिमका क्षेत्रमा पर्ने गरी कार्यक्रमहरू छनौट गरी पौष मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(३) नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा थप बजेट निकासा भएमा वा पहिलो चौमासिकभित्र रकम निकासा नभएमा रकम निकासा भएको बढीमा एक महिनाभित्र आयोजना छनौट गरी सक्नु पर्नेछ ।

(४) जिल्ला विकास समितिमा आयोजना स्वीकृत गरी पेश गर्दा आयोजना सञ्चालन गर्ने निकाय, आयोजना सम्पन्न हुन लाग्ने समय, आयोजना सञ्चालन गर्ने तरिका समेत खुलाएको हुनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम प्राप्त भएको कार्यक्रमको विवरण पेश भएपछि जिल्ला विकास समितिको कार्यालयले पन्ध्र दिनभित्र रकम निकासाका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (२) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिमको रकम निकासा हुने छैन ।

(७) उपनियम (१) बमोजिम छनौट गरिने आयोजना छनौट गर्दा देहायबमोजिम गर्नु पर्नेछ :-

(क) सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत भै बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजनाहरू,

(ख) सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत भै बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नु पर्ने आयोजना,

(ग) प्रकोप वा विपद्बाट क्षति भएका वा जोखिममा परेका तर सो को पुनः निर्माण, नियन्त्रण र रोकथामका निम्ति बजेट व्यवस्था नभएका तथा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका आयोजना,

(घ) सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत भै बजेट विनियोजनको लागि केन्द्रमा माग गरेको तर केन्द्रबाट समावेश हुन नसकेका आयोजना,

तर राष्ट्रिय योजना आयोगबाट प्रकाशित वार्षिक विकास कार्यक्रम (भाग १) र जिल्लामा सञ्चालन गरिने विकास कार्यक्रम (भाग २) मा समावेश गरिएका आयोजनामा यो रकम विनियोजन गरिने छैन ।

(ङ) विषयगत कार्यालयहरूद्वारा सञ्चालित अधुरा योजनाहरूमा लगानी गर्दा सम्बन्धित विषयगत कार्यालयहरू मार्फत नै कार्यान्वयन गर्नुपर्नेछ ।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम प्राथमिकता दिनुपर्नेछ :-

(क) आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने र उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने पूर्वाधार सम्वन्धी आयोजना,

(घ) विपद्‌बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनिकरणसम्वन्धी आयोजना,

(ङ) एक आर्थिक बर्षमा सम्पन्न हुन सक्ने प्रकृतिका पूर्वाधार सम्वन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका नगरपालिका वा गाउँ विकास समितिहरूले जिल्लास्तरको पूर्वाधारका आयोजना भनी सम्बन्धित परिषद्‌बाट स्वीकृत भएका तर जिल्ला विकास समितिको बार्षिक जिल्ला विकास योजनामा नपरेका आयोजनाहरू,

(छ) आयोजना छनौट गर्दा स्थानीय निकाय, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरा रहेका सार्वजनिक प्रकृतिका पूर्वाधार सम्वन्धी आयोजनाहरूलाई सम्पन्न गर्ने कार्यलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(९) अधुरा आयोजना तथा बजेट परिपूरक रूपमा स्थानीय निकाय एवं विषयगत निकायहरूसँगको सहकार्यमा कार्यान्वयन गर्दा कहाँ के कस्तो निर्माण, कति लागतमा गर्ने हो सो को जानकारी कार्यालयको सूचना बोर्डमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(१०) यस नियमावली बमोजिम आयोजना छनौट र बजेट विनियोजन गर्दा सोही आर्थिक वर्षमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयनको निम्ति आवश्यक पर्ने बजेट विनियोजन गर्नु पर्नेछ ।

(११) यस नियमावली बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढीमा दशवटा कार्यक्रम छनौट गर्न सकिने छ । त्यसरी आयोजना छनौट गर्दा रू.सात लाखभन्दा कम लागत भएका आयोजना छनौट गर्न सकिने छैन ।

(१२) आयोजना छनौट गर्दा गैर सरकारी संस्था तथा राजनीतिक दल वा तिनका भगिनी संगठनसँग सम्बन्धित पूर्वाधार आयोजना छनौट गर्न सकिने छैन ।

६. <u>आयोजनाको किसिम</u> : यस नियमावली बमोजिम देहाय बमोजिमका भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना सञ्चालन गर्न सकिनेछ :-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक पुल, झोलुङ्गे पुल,कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) सार्वजनिक जग्गा संरक्षण, ऐतिहासिक, साँस्कृतिक, साहित्य, कला एवं पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जिर्णोद्वार तथा निर्माण आयोजना,

(ङ) वातावरण संरक्षण, जैविक विविधता तथा वन संरक्षण, हरियाली क्षेत्र र पार्क निर्माण सम्बन्धी आयोजना,

(च) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(छ) स्वास्थ्य चौकी, प्रसुति भवन, सामुदायिक भवन, वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(ज) कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,

(झ) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना,

(ञ) जिल्ला वा नगर परिषद्‌ले निर्वाचन क्षेत्र विशेष कार्यक्रमबाट सञ्चालन हुने भनी छनौट गरेका पूर्वाधार सम्बन्धी आयोजना ।

७. <u>साझेदारी तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने</u> : (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था, सार्वजनिक संस्थान, सहकारी, निजी क्षेत्र समेतको साझेदारी तथा समन्वयमा सञ्चालन गर्न सकिनेछ ।

(२) गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रको साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम सार्वजनिक रूपमा प्रस्ताव आव्हान गरी छनौट भएका सार्वजनिक प्रकृति र साझा उपयोग हुने खालका आयोजना मात्र सञ्चालन गर्न सकिने छ ।

(३) उपनियम (२) बमोजिमका कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३(क) को उपनियम (१) बमोजिम सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समितिबाट निर्णय भएको हुनु पर्नेछ ।

८. <u>सञ्चालन तथा कार्यान्वयन</u> : (१) यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम जिल्ला विकास समितिले गर्ने गराउनेछ ।

तर यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम जिल्लास्थित विषयगत कार्यालय मार्फत सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम विषयगत कार्यालय मार्फत कार्यक्रम सञ्चालन गर्दा बजेट उपलब्ध गराएर वा प्राविधिक सहयोग लिएर वा बजेट र कार्यक्रम हस्तान्तरण गरेर गर्न सकिनेछ ।

(४) उपनियम (३) बमोजिम विषयगत कार्यालयलाई कार्यान्वयनको जिम्मा दिएका कार्यक्रमको हकमा लेखा, लेखापरीक्षण तथा अन्य व्यवस्था स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम जिल्ला विकास समितिले व्यवस्थित गर्नु गराउनु पर्नेछ ।

९. <u>अख्तियारी सम्बन्धी व्यवस्था</u> : (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रमको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले स्थानीय विकास अधिकारीलाई रकम खर्च गर्ने अख्तियारी पठाई सोको जानकारी मन्त्रालय र सम्बन्धित संविधानसभा सदस्यहरूलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अख्तियारी प्राप्त भएपछि उक्त रकम जिल्ला विकास कोषमा जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिमको रकम यस नियमावली बमोजिम छनौट भएका योजना बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।

(४) यस नियमावली बमोजिमको कार्यक्रम स्वीकृत भईसकेपछि संविधानसभाको विघटन, कार्यकालको समाप्ती वा अन्य कुनै कारणबाट संविधानसभा सदस्यहरूको पद रिक्त भए पनि कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

(५) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम सम्बन्धित जिल्ला विकास समितिले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

१०. <u>सार्वजनिकिकरण तथा प्रतिवेदनः</u>

(१) यस नियमावली बमोजिम छनौट भएका कार्यक्रमहरूको विवरण जिल्ला विकास समितिले सार्वजनिकिकरण गर्नुका साथै जिल्ला विकास समितिको वेब साईटमा समेत राख्नु पर्नेछ ।

(२) यस नियमावली वमोजिम छनौट भएका कार्यक्रमहरूको विवरण जिल्ला विकास समितिले राष्ट्रिय योजना आयोगको सचिवालय तथा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

११. <u>सार्वजनिक परीक्षणः</u>

(१) यस नियमावली वमोजिम सञ्चालित कार्यक्रमहरू कार्यसम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहायबमोजिम गर्न सकिनेछ :

(क) सार्वजनिक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट परीक्षण गराई ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी दिईने छैन ।

१२. <u>लेखा तथा लेखापरीक्षणः</u> (१) अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको प्राप्त रकमको लेखा र लेखापरीक्षणको स्रेस्ता जिल्ला विकास समितिको कार्यालयले राख्नु पर्नेछ ।

(२) जिल्ला विकास समितिको कार्यालयले उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम गराउनु पर्नेछ ।

१३. <u>कन्टिन्जेन्सी खर्चको व्यवस्था</u> : (१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न जिल्ला विकास समितिको कार्यालयले हिमाली जिल्लाको हकमा बढीमा तीन प्रतिशत र अन्य जिल्लाको हकमा बढीमा एक दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सी खर्च बापत छुट्याउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम छुट्याइएको रकमको बाँडफाँड कार्यक्रम तर्जुमा विद्यमान प्राविधिक जनशक्तिको क्षमता विश्लेषण गरी कार्यान्वयन गर्न सकिने गरी गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा समितिको बैठक सञ्चालन, कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, समीक्षा र अन्य प्राविधिक कार्यमा छुट्याउन सकिनेछ ।

(४) उपनियम (१) बमोजिम छुट्याइएको रकम खर्च नभई बाँकी रहन गएमा उक्त रकम पूँजीगत कार्यमा खर्च गर्नु पर्नेछ । तर पूँजीगत शिर्षकमा बाँकी रहेको रकम कन्टिन्जेन्सी खर्चमा रकमान्तर गर्न सकिने छैन ।

१४. <u>सुपरिवेक्षण तथा अनुगमन</u> : (१) यस नियमावली बमोजिमका कार्यक्रमहरूको अनुगमन निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ बमोजिम सम्वन्धित निर्वाचन क्षेत्रमा पचास प्रतिशत भन्दा बढी रकम छुट्याउने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड “ख” बमोजिमका संविधानसभा सदस्यको संयोजकत्वमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समिति गठन गरी सो समितिले अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

तर सो निर्वाचन क्षेत्रमा दुई वा सो भन्दा बढी संविधानसभा सदस्यहरूले रकम विनियोजन गरेको अवस्थामा कूल रकमको पचास प्रतिशत भन्दा बढी रकम छुट्याउने संविधानसभाका सदस्य मध्ये जेष्ठ सदस्यले संयोजकको रूपमा काम गर्नेछन् र सो निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार निर्वाचित हुने संविधानसभा सदस्य तथा सो निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ बमोजिम कम्तीमा चालिस प्रतिशत रकम विनियोजन गर्ने अन्य संविधानसभा सदस्यहरू उपनियम (१) बमोजिमको समितिको सदस्य हुनेछन् ।

(२) उपनियम (१) बमोजिम सम्वन्धित निर्वाचन क्षेत्रमा पचास प्रतिशत भन्दा वढी रकम छुट्याउने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड “ख” बमोजिमका संविधानसभा सदस्य नभएमा सो निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार निर्वाचित हुने संविधानसभा सदस्य संयोजक हुनेछन् ।

(३) यस नियमावली बमोजिम सञ्चालन भएका कार्यक्रमको उपनियम (१) बमोजिमको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समितिबाट अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) जिल्ला विकास समितिको कार्यालयले सार्वजनिक सुनुवाई, वार्षिक तथा चौमासिक प्रगति समीक्षा तथा आवधिक प्रतिवेदनमा यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम समेत समावेश गर्नुपर्नेछ ।

(५) यस नियमावली बमोजिम सञ्चालन भएका कार्यक्रमको प्रतिवेदन मन्त्रालयले तोकेको ई-रिपोर्टिङ वा वेव वेस्ड रिपोर्टिङ सिस्टमको ढाँचामा समेत नियमित रूपले उपलब्ध गराउनु पर्नेछ ।

**१५.** **<u>आयोजना सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>** : यस नियमावली बमोजिम सञ्चालित हुने आयोजना तथा कार्यक्रमको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१६.** **<u>मन्त्रालयले निर्देशन दिन सक्ने</u>** : यस नियमावलीको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु जिल्ला विकास समितिको कार्यालय, निर्वाचन क्षेत्र विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समिति र यस कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण निकाय तथा पदाधिकारीको कर्तव्य हुनेछ ।

**१७.** **<u>बाधा पुऱ्याएको नमानिने</u>** : यो नियमावली प्रारम्भ हुनुभन्दा अघि स्थानीय निकायको परिषद्बाट स्वीकृत भएका कार्यक्रमलाई सोही बमोजिम सञ्चालन गर्न यस नियमावलीले बाधा पुऱ्याएको मानिने छैन ।

**१८.** **<u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u>** : मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**१९.** **<u>बाधा अडकाउ फुकाउने</u>** : यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा मन्त्रालयले आवश्यकता अनुसार नियमावलीको व्यवस्थाको प्रतिकूल नहुने गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

**अनुसूची**

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

**निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम**

**कार्यान्वयन तालिका**

जिल्ला : ..............................                निर्वाचन क्षेत्र नं. :..................................

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | सञ्चालन हुने गा.वि.स./न.पा./वडा नं. टोल | लागत सहभागिताबाट व्यहोरिने रकम रू. | | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | विषयगत कार्यालयबाट | स्थानीय निकायबाट | गैसस | जनसहभागिता | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | | |

# निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७२

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ मा संशोधन :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ को उपनियम (७) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छ ।

"(घ१) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि वैदेशिक स्रोतको ऋण वा अनुदानबाट जिल्लामा संचालन हुने पूर्वाधारजन्य आयोजनामा औचित्य हेरी यस कार्यक्रमको शिर्षकबाट प्राप्त हुने बजेटबाट लागत साझेदारी गर्न वाधा पर्ने छैन ।"

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
(ग्रामिण विकास समन्वय शाखा)
फोन : ४२००५११, ४२००३०४
इमेल : lbss-mid@yahoo.com

पत्र संख्या:- ०७२/०७३

चलानी नं.:- १-१-१(५)

मिति :- २०७२/०६/१२

विषय:- निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को चौथो संशोधन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सवै (७५ वटै)।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७२/०६/०१ को निर्णयवाट निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ मा देहायवमोजिम संशोधन निर्णय भएकाले सो अनुसार गर्न गराउन हुन अनुरोध छ।

क. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ को उपनियम (२) मा रहेको प्रतिवन्धात्मक वाक्यांश हटाइएको छ।

ख. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम को ५ उपनियम (११) मा रहेको "बढिमा दशवटा" भन्ने शब्दहरुको सट्टा "बढिमा पन्ध्रवटा" भन्ने शब्दहरु राखिएको छ।

बोधार्थ:-
श्री सूचना तथा विद्युतीय शासन शाखा: मन्त्रालयको website मा राखिदिने व्यवस्था हुन अनुरोध।

२०७२/०६/१२
(डाल विक्रम कंडेल)
शाखा अधिकृत